# वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४)



१. कुनै स्थानमा विपद परेमा वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचाना दिनुपर्नेछ ।

२. वारूणयन्त्र तथा अन्य सेवा प्रदायक निकायले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

३. आपत्कालीन कार्य सम्पादन गर्दा स्थानीय विपद् व्यवस्थापन समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारूणयन्त्र सेवा प्रदायक निकायलाई हुनेछ ।

## अग्नी नियन्त्रणको लागि दमकलको उचित व्यवस्थापन सम्बन्धी नीतिगत तथा संथागत व्यवस्थाहरू :

- सर्वप्रथम सन् १९९४ मा राष्ट्रिय अग्नि सुरक्षा आचार संहिता, १९९५ मा स्थानिय स्वायत शासन ऐन र १९९६ मा स्थानिय स्वायत शासन नियमावली तर्जुमा भएको पाईन्छ ।
- सन् १९९७ मा अग्नि सुरक्षा ऐन २०१० मा दमकल संचालन तथा व्यवस्थापन निर्देशिका बनाई यसको कार्यान्( वयन मार्फत अग्नि नियन्त्रणलाई थप प्रभावकार बनाएको पाईन्छ ।
- नेपाल सरकारले सन् २००८ मा मन्त्रिपरिषदको निर्णयबाट दमकलको स्वामित्व गृह मन्त्रालयबाट तत्कालिन स्थानिय विकास मन्त्रालयमा हस्तान्तरण गर्न निर्णय गरेको र उक्त निर्णयको कार्यान्वयन २००९ मा तयार भएको ।
- सन् २०१० मा दमकल संचालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा आएको पाईन्छ ।

४. संविधानमा विपद् व्यवस्थापन स्थानीय सरकारको एकल अधिकारमा रहेको छ त्यसैले संम्पूर्ण नगरपालिकाले विपद् सम्बन्धी नीति तथा कानून बनाइ लागु गर्नुपर्दछ ।

५. दमकल संचालन तथा व्यवस्थापन निर्देशिका २०६७ मा उल्लेख गरेअनुसार हरेक नगरपालिकामा न्यूनतम एउटा दमकल हुनुपर्दछ । सो निर्देशिकाको दफा ५ को (ख) मा नगरपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गरी खरिद तथा संचालनको व्यवस्था मिलाउन पर्ने उल्लेख गरिएको छ । (जबकी गृह मन्त्रालयको राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रका अनुसार देशभरका २९३ उप/महा/नगरपालिकाहरू मध्ये ७१ वटा (२५ प्रतिशत) नगरपालिकाहरूसँग मात्र दमकल छ ।)

६. प्रत्येक नगरपालिकाले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ मा उल्लेख भएका आगलागी नियन्त्रण सम्बन्धी व्यस्थाको पालना गर्ने गराउने गर्नुपर्दछ ।

७. प्रत्येक नगरपालिकाले दमकल संचालन तथा व्यवस्थापन निर्देशिका २०६७, संघीय वन ऐन २०७६, भवन ऐन लगाएतका ऐन, नीति तथा निर्देशिकामा भएका आगलागी नियन्त्रण सम्बन्धी व्यवस्थाको पालना गर्ने गराउने गर्नुपर्दछ ।

८. प्रत्येक नगरपालिकाले विपद् जोखिम न्यूनिकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० मा भएका आगलागी नियन्त्रणका व्यवस्थाहरूको कार्यान्वयन गर्ने गराउने गर्नुपर्दछ ।

९. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले केन्द्रदेखि स्थानीय स्तरसम्म संस्थागत संरचना तो किदिएको छ जुन संरचनाको जिम्मेवारी आगलागीबाट समुदाय तथा प्राकृतिक स्रोतको संरक्षण गर्नु पनि हो ।

१०. नेपालमा भएका आगलागीका घटनाहरू प्रायजसो सुख्खा मौसममा बढी हुने भएकाले विगतमा आगलागीबाट भएका ठूला क्षतिलाई दोहोरिन नदिनका लागि संघीय, प्रदेश र स्थानीय सरकारले प्राथमिकताका साथ आवश्यक पूर्व तयारी, न्यूनीकरण र प्रतिकार्यकालागी प्रभावकारी कदम चाली योजनबद्धरूपमा अगाडी बढ्न जरूरी रहेको छ ।

११. आगलागीका ९० प्रतिशत बढी घटना असावधानिकै कारण हुने गरेकोले आगलागी हुन नदिन प्रत्येक नगर पालिकाले समुदाय स्तरमा विभीन्न जनचेतनाकामूलक कार्यक्रम संचालन गर्ने गराउने गर्नुपर्दछ ।

१२. प्रत्येक नगरपालिकाले स्रोत साधन तथा क्षमता अभिवृद्धि र विपद् व्यवस्थापनका लागि नीतिगत प्रयास लागु गर्नुपर्नेछ ।

१३. प्रत्येक नगरपालिकाले विपद् पूर्व औशषीउपचार र राहत सामग्रीको व्यवस्था गर्नुपर्दछ ।

१४. आगलागीबाट छोटो समयमा धेरै क्षति पुग्नेहुनाले आगलागी नियन्त्रणका लागि दमकल लागायत उपकरणहरू तथा विषेश दक्षता भएका व्यक्तिहरूको आवश्यकता पर्ने भएकाले आगलागी नियन्त्रणका लागि संघदेखि स्थानीय तहसम्मलाई व्यवस्थापन गर्न बनेको कानून तथा नीति अनुसार प्रत्येक नगरपालिकाले तयारी गर्नुपर्दछ ।

१५. प्रत्येक नगरपालिकाले वारूणयन्त्र तथा अग्नी नियन्त्रण कार्यमा समन्वय तथा सहजीकरण सम्बन्धी कार्ययो जना तयार गर्नुपर्दछ ।

१६. प्रत्येक नगरपालिकाले वहुप्रकोप प्रतिरोधी भवनसंहिता तथा भवन सम्बन्धी मापदण्डको उचीत व्यवस्थापन गर्नुपर्दछ ।

१७. प्रत्येक नगरपालिकाले दमकल लगाएत अग्नी नियन्त्रणका आधुनिक उपकरण तथा औजारहरूको सूची तयार गरी आवश्यक सामग्री तयारी अवस्थामा राख्ने गर्नुपर्दछ ।

१८. प्रत्येक नगरपालिकाले आगलागी नियन्त्रणका लागि पूर्व तयारी, प्रतिकार्य र आगलागी पश्चात गरिने राहत तथा पूनर्लाभको लागी रणनीतिक योजाना तयार गर्नुपर्दछ ।

**नगरपालिका संघ नेपाल**
५३०-पनडोल माग, लाजिम्पाट
पो.ब.नं. १४२८६, काठमाण्डौं, नेपाल
फोन नं. +९७७-१-४४२५६९२, ४४२०५५९

USAID
अमेरिकी जनताबाट